# मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**<u>प्रस्तावना:</u>** स्वदेश तथा विदेशका विश्वविद्यालयबाट विशिष्ट विधामा ज्ञान हासिल गरेका नेपाली युवा तथा विद्यार्थीलाई गण्डकी प्रदेशको विकास तथा रूपान्तरणका प्रमुख क्षेत्रमा केन्द्रित रही विकास तथा सुशासन प्रवर्द्धन र समुन्नतिका लागि परिचालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५को दफा २(१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले **"मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** जारी गरी लागू गरेको छ।

## <u>परिच्छेद - १</u>
## <u>प्रारम्भ र परिभाषा</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम **"मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट निर्णय भई प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "आयोग" भन्नाले गण्डकी प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम सम्झनु पर्छ।

(ग) "जिम्मेवार निकाय" भन्नाले फेलोको कार्यक्षेत्र भएका प्रदेश सरकार अन्तर्गतका निकाय सम्झनु पर्छ।

(घ) "फेलो" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका युवा तथा विद्यार्थीलाई सम्झनु पर्छ।

(ङ) "योजना" भन्नाले गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना सम्झनु पर्छ।

## <u>परिच्छेद - २</u>
## <u>आयोगको काम, कर्तव्य र अधिकार</u>

३. **<u>आयोगको काम, कर्तब्य र अधिकार</u>** : (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपलब्ध स्रोत साधन र कार्यक्षेत्रगत आवश्यकताका आधारमा फेलो सङ्ख्या निर्धारण गर्ने,

(ख) फेलोको कार्यविवरण निर्धारण गर्ने,

(ग) फेलो छनौट गर्ने गराउने,

(घ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार अन्य निकाय तथा संस्थासँग सहकार्य विस्तार गर्ने,

(ङ) आयोगको तर्फबाट सम्पर्क व्यक्ति तोक्ने,

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी आयोगको नियमित बैठकको निर्णयानुसार कार्यान्वयन हुनेछ। उक्त बैठकमा आवश्यकता अनुसार प्रदेश सरकार, नेपाल सरकार लगायत अन्य क्षेत्रका पदाधिकारी तथा प्रतिनिधि र विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद - २
## समितिको गठन, काम, कर्तव्य र अधिकार

४. **सञ्चालन समितिः** (१) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिमको कार्यक्रम सञ्चालन समितिको गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | आयोग | संयोजक |
| (ख) | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | सदस्य |
| (ग) | उपसचिव | विषयक्षेत्र सम्बन्धी मन्त्रालय | सदस्य |
| (घ) | उपसचिव | आर्थिक मामिला मन्त्रालय | सदस्य |
| (ङ) | उपसचिव | आयोग (अनुसन्धान तथा अनुगमन महाशाखा) | सदस्य-सचिव |

(२) समितिमा आवश्यकता अनुसार प्रदेश सरकार, नेपाल सरकार लगायत अन्य क्षेत्रका पदाधिकारी तथा प्रतिनिधि र विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोगको निर्देशानुसार कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) निर्धारित कार्यक्षेत्र अनुसार कार्यविवरण र कार्यशर्त यकिन गरी आयोगसमक्ष सिफारिस सहित पेश गर्ने,

(ग) वार्षिक विनियोजित बजेट, प्रशासनिक व्यय, फेलो परिचालन खर्च लगायतका आधारमा फेलो सङ्ख्या निर्धारण गरी आयोगसमक्ष स्वीकृतिका लागि पेश गर्ने,

(च) अनुसूची-३ बमोझिम फेलोको आवेदन मूल्याङ्कन पश्चात्त प्राथमिकता निर्धारण गरी आयोग समक्ष सिफारिस गर्ने,

(ज) कार्यक्रमको प्रवर्द्धन र बिस्तारका लागि आवश्यक क्रियाकलापको समन्वय गर्ने,

(झ) कार्यक्रम कार्यान्वयनका लागि अन्य निकाय तथा संस्थासँगको सहकार्य विस्तार गर्न समन्वय र सहजीकरण गर्ने,

(ञ) फेलोको कार्य सम्पादनमा सहजीकरण गर्ने,

(ट) फेलोको दैनिक/मासिक कार्यसम्पादनका आधारमा भुक्तानी हुनुपर्ने रकम निर्धारण गरी आयोगलाई सिफारिस गर्ने,

(ठ) कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ढ) फेलोलाई निर्देशन प्रदान गर्ने,

५. **<u>कार्यक्रमको कार्यक्षेत्र:</u>** योजनाले पहिचान गरेका प्रदेश विकास तथा रूपान्तरणका देहाय बमोजिमका क्षेत्र कार्यक्रमको कार्यक्षेत्र हुनेछः-

(क) सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण

(ख) प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन

(ग) व्यावसायिक कृषि तथा आत्मनिर्भरता

(घ) दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण

(ङ) बजारमुखी उत्पादन र दिगो पर्यटन

(च) सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ

(छ) शिक्षित, सुसँस्कृत तथा सीपयुक्त मानवपुँजी निर्माण

(ज) दिगो तथा उत्थानशील पूर्वाधार

(झ) स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी

(ञ) मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण

(ट) सशक्त महिला, सामाजिक समावेशीकरण तथा समानता

(ठ) सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता

(ड) सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध

(ढ) सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन

## परिच्छेद – ४
## फेलोको योग्यता, छनौट, शर्त तथा सुविधा

६. **योग्यताः** (१) देहायको योग्यता पुगेका नेपाली नागरिकले कार्यक्रममा फेलोको रुपमा आवेदन दिन सक्नेछः-

(क) कम्तिमा स्नातक तह उतिर्ण हुनुपर्ने,

(ख) २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने,

(ग) फेलोको अध्ययन कार्यक्षेत्रसँग सम्बन्धित हुनुपर्ने,

(घ) अन्य प्रचलित कानुनले अयोग्य नठहराएको हुनुपर्ने।

(२) महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक तथा सीमान्तकृत समूह, विपन्न खस आर्यका आवेदकलाई प्रोत्साहन गरिनेछ।

७. **फेलो छनौट सम्बन्धी प्रक्रिया : फेलो छनौटका लागि देहायको प्रक्रिया अवलम्बन गरिनेछः-**

(क) कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी दरखास्त आह्वान गरिनेछ,

(ख) इच्छुक व्यक्तिले **अनुसूची-२** बमोजिम दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ,

(ग) अनुसूची -३ को मापदण्ड अनुसार क्षेत्रगत रुपमा फेलो प्राथमिकीकरण सहितको लघुसूची (Short list) तयार गरिनेछ। यसरी छनौट गर्दा सीट संख्याको अन्तिम अङ्कमा बराबरी भएमा सर्वप्रथम आवेदकको कार्यानुभवका आधारमा तत्पश्चात उमेरका आधारमा कम उमेरको आवेदकलाई छनौट गरिनेछ,

(घ) छनौट भएका फेलोको अन्तिम नामावली आयोगको वेवसाईटमा प्रकाशन गरी सात दिनभित्र सम्झौता गर्न सार्वजनिक सूचना प्रकाशन गरिनेछ र उक्त अवधिमा सम्झौता गर्न नआएमा क्रमशः पछिल्लो योग्यताक्रमका उम्मेदवारलाई सम्झौताका लागि आह्वान गरिनेछ,

(ङ) सूचना अनुसार निर्धारित मिति भित्र आउने उम्मेदवारलाई आयोगको सचिवालयले कार्यशर्त तोकी सम्झौता गरिनेछ।

८. **सेवा, शर्त र सुविधाः** फेलोले देहायबमोजिमको शर्त पालना गर्नु पर्नेछः

(क) फेलोले नियमित रुपमा तोकिएको सम्पर्क व्यक्तिसँग समन्वय गरी कार्य सम्पादन गर्नुपर्नेछ,

(ख) सम्झौता बमोजिम कार्य सम्पादन गर्न नसकेमा आयोगले सम्झौता रद्ध गर्न सक्नेछ,

(ग) कार्यक्रमको बीचैमा जिम्मेबारी छोड्नुपर्ने अवस्था आएमा फेलोले कम्तिमा बीस दिन अगाडि सम्पर्क व्यक्तिलाई जानकारी गराउनुपर्नेछ,

(ङ) फेलोले दैनिक क्रियालकलाप समेटी मासिक प्रतिवेदन पेश गर्नुपर्ने छ। सोही प्रतिवेदनका आधारमा मासिक पारिश्रमिक स्वरुप तीस हजार रुपैया (कर सहित) भुक्तानी हुनेछ। फेलोले मासिक प्रतिवेदन समेटी अन्तिम प्रतिवेदन समेत पेश गर्नुपर्ने छ।फेलो तोकिएको कार्यक्षेत्रमा तथ्याङ्क सङ्कलन गर्न कार्यक्षेत्र रहेको जिल्ला बाहिर जानु पर्ने अवस्थामा सहायकस्तरको निजामती कर्मचारी सरहको भ्रमण खर्च उपलब्ध गराइनेछ।

## <u>परिच्छेद –५</u>

## <u>अन्य</u>

९. **<u>अन्य संघ संस्थासँग सहकार्य सक्ने</u>**: (१) आयोगले कार्यक्रमको उद्देश्य बमोजिम कार्यक्रम सञ्चालन सहयोगार्थ सोही क्षेत्रमा काम गर्ने एक वा एकभन्दा बढी राष्ट्रियस्तरको संघसँस्थासँग सम्झौता गरी सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गरिएको संस्थाबाट उपलब्ध हुने सहयोगको आर्थिक दायित्व सोही संस्थाकै रहनेछ।

१०. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस कार्यविधिमा लेखिएका कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदिसम्म प्रचलित कानूनमा भएको व्यवस्थानै लागू हुनेछ।

११. **<u>कार्यविधि संशोधन</u>**: यस कार्यविधिलाई प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन वा परिमार्जन गर्न सक्नेछ।

१२. **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>**: यस कार्यविधिको कार्यान्यवन गर्ने क्रममा कुनै बाधा परेमा समितिको सिफारिसमा आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १

## (दफा .....को उपदफा ...... सँग सम्बन्धित)

## मुख्यमन्त्री सुशासन फेलोशिप कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति …………..)

गण्डकी प्रदेश नीति तथा योजना आयोगको आर्थिक वर्ष ……….. को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि …………………………….कार्यविधि,……को दफा ……..बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको पन्ध्र दिनभित्र दफा …..को योग्यता पुगेका नेपाली नागरिकले अनुसूची... को ढाँचामा देहायका कागजातसहित आवेदन पेश गर्नहुन अनुरोध छ।

यस सम्बन्धी थप जानकारी आयोगको website: ppc.gandaki.gov.np मा रहेको ……………कार्यविधि,……….मार्फत प्राप्त गर्न सकिनेछ।

**<u>आवश्यक कागजात:</u>**

नागरिकताको प्रमाणित प्रतिलिपि
शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (Educational Certificates)
अनुभव प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (Experience Certicates)
व्यक्तिगत विवरण (CV)
अन्य (उल्लेख गर्ने)

**अनुसूची-२**

**(दफा .....को उपदफा...... सँग सम्बन्धित)**

**आवेदन फारम**

श्री गण्डकी प्रदेश नीति तथा योजना आयोग,
पोखरा।

विषयः मुख्यमन्त्री सुशासन फेलोशिप कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा त्यहाँ आयोगबाट सञ्चालन हुने **मुख्यमन्त्री सुशासन फेलोशिप** कार्यक्रम अन्तर्गत तोकिएका कार्यक्षेत्रमा तोकिएका सेवा, सुविधा र शर्तमा सहमत भई कार्य गर्न इच्छुक भएको हुँदा देहायका विवरणसहित यो निवेदन पेश गरेको छु।

**आवेदकको विवरणः**

**नाम थरः**

**स्थायी ठेगानाः** **हालको ठेगानाः**

**नागरिकता नम्बरः** **राष्ट्रिय परिचयपत्र नम्बरः**

**शैक्षिक योग्यताः** **कार्यानुभवः (वर्ष र महिना)**

.............
आवेदक

अनुसूची-३

(दफा....को......सँग सम्बन्धित)

## फेलो छनौट मापदण्ड

| क्र. सं. | योग्यता शिर्षक | पूर्ण अङ्कभार |
|---|---|---|
| १ | विषय क्षेत्रसँग सम्बन्धित शैक्षिक योग्यता | ४० |
| २ | विषय क्षेत्रसँग सम्बन्धित कार्यानुभव | १५ |
| ४ | विषयगत तथा व्यवहारीक ज्ञान सम्बन्धी प्रस्तुति (सार्वजनिक नीति शासकीय प्रबन्ध सम्बन्धी रुची र व्यवहारिक ज्ञान सम्बन्धी प्रस्तुति / अन्तर्वार्ता अनुसन्धान पद्धति तथा तथ्याङ्क विश्लेषण सम्बन्धी दक्षता र भाषागत ज्ञान) | ४० |
| ५ | दफा १० को उपदफा (२) बमोजिमका उम्मेदवारका लागि | ५ |

| **क्र.सं.** | **शीर्षक** | **सूचक** | **अङ्कभार** | **पूर्ण अङ्क भार** | **प्राप्ता ङ्क** |
|---|---|---|---|---|---|
| १ | सामाजिक समावेशीकरण | महिला/आदिवासी जनजाति/मधेसी/दलित/ मुस्लिम, बिपन्न खस आर्य, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक तथा सीमान्तकृत समूह | २ | २ | |
| २ | विषय क्षेत्रसँग सम्बन्धित शैक्षिक योग्यता | स्नातकको ग्रेड ३.५ माथि वा विशिष्टिकृत श्रेणी | ३५ | ४० | |
| | | स्नातकको ग्रेड ३ देखि ३.५ वा प्रथम श्रेणी | ३२ | | |
| | | स्नातकको ग्रेड २.५ देखि ३ वा दोस्रो श्रेणी | ३० | | |
| | | स्नातकोत्तरको ग्रेड २.५ भन्दा माथि वा दोस्रो श्रेणी | थप ५ | | |
| ३ | विषय क्षेत्रसँग सम्बन्धित कार्यानुभव | ६ महिना देखि १ वर्ष सम्म अनुभव भएको | १२ | १८ | |
| | | १देखि २ बर्ष वा सो भन्दा भन्दा बढी अनुभव भएको | १८ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सार्वजनिक नीति , अनुसन्धान र सम्बन्धित विषयमा व्यवहारिक ज्ञान सम्बन्धी प्रस्तुति | दिईएको बिषयमा प्रस्तुति | २० | २० | |
| ५ | सार्वजनिक नीति , शासकीय प्रबन्ध, सूचना प्रविधि र व्यवहारिक ज्ञान सम्बन्धी अन्तर्वार्ता | राष्ट्रिय नीति, सरकार संचालन, शासकीय मामिला तथा प्रबन्ध, सूचना प्रविधि लगायतका विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान | २० | २० | |
| | | | **जम्मा** | १०० | |

अनुसूची-४

**(दफा ….. को उपदफा …… सँग सम्बन्धित)**

**<u>सम्झौताको ढाँचा</u>**

गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग (यसपछि प्रथम पक्ष भनिने) र श्री ………………………………. (यस पछि दोस्रो पक्ष भनिने) बीच देहायका शर्तका अधिनमा रही **मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप** कार्यक्रम सञ्चालन गर्न यो सम्झौता गरिएको छ।

१. <u>प्रथम पक्षको जिम्मेवारी</u>

दफा …. को उपदफा (…..) बमोजिमको जिम्मेवारी

…………………………………………………………

२. <u>दोस्रो पक्षको जिम्मेवारीः</u>

दफा … को उपदफा (…) बमोजिमको जिम्मेवारी

……………………………………………………

३. <u>अन्य शर्तः</u>

(क) कार्यक्रम सञ्चालन अवधि सम्झौता भएको मितिबाट……………… सम्म रहनेछ,

(ख) अन्य।

मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ एवम् माथि उल्लिखित शर्त पालना गर्न गराउन हाम्रो मन्जुरी भएको हुँदा आ-आफ्नो तर्फबाट सहि गरिदियौं/लियौं।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट<br>……………………… | प्रथम पक्षको तर्फबाट<br>……………………… |
| नामथरः | नामथरः |
| नागरिकता नम्बरः | पदः |
| ठेगानाः | गण्डकी प्रदेश नीति तथा योजना आयोग |
| **<u>साक्षी</u>**<br>…………………………<br><br>………………………… | **<u>साक्षी</u>**<br>…………………………<br><br>………………………… |